**अनुसूची-१**
**प्रस्ताव आव्हानको सूचना**

राष्ट्रिय दुग्ध विकास बोर्ड
दुग्ध सहकारी संस्था सुढृढिकरण अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः २०७१/१/३

यस वोर्डको आ.व. २०७०/०७१ मा दुग्ध सहकारी संस्थाहरुको सुदृढीकरणका लागि सहभागितामा आधारीत कार्यक्रम का लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. अनुदान रकम दुग्ध सहकारी संस्थाहरु सुदृढीकरण कार्यक्रम अर्न्तगत दुग्ध व्यवसाय सम्वन्धित उपकरण खरिद, भवन निर्माण (कार्यालय तथा कारखाना), दुग्ध संकलन केन्द्र स्थापना, दूध तथा दुग्ध पदार्थ ढुवानी साधन खरिद, दूध तथा दुग्ध पदार्थ विक्री केन्द्र स्थापना गर्ने काममा प्रयोग गर्न सकिनेछ ।
२. यो अनुदान कार्यक्रम ४ वटा दुग्ध सहकारी संस्थाहरुलाई प्रति संस्था रु.३०००००/-(अक्षरेपी तीनलाख रुपैया मात्र) अनुदान रकम उपलब्ध गराइनेछ । प्रस्तावक संस्थाले न्युनतम सोही रकम वरावर लगनाी गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
३. अन्य सरकारी वा गैर सरकारी निकायवाट यस सूचनामा उल्लेखित कामको लागी विगत २ बर्षसम्म यसमा उल्लेखित रकम बरावर वा सो भन्दा बढिको वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।
४. प्रस्तावकले अनुसूची- २ अनुसारको निवेदन, अनुसूची-३ अनुसारको प्रस्तावको ढांचा र अनुसूची-४ अनुसारको सम्वन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारीस पत्र पेश गर्नु पर्नेछ ।
५. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
६. यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ ।
७. माथि उल्लेखित अनुसूचीहरु वोर्डको सूचना पाटीमा हेर्न सकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।
फोन नं. ०१-५५२५४००, ५५४२७४१

## अनुसूची-२
## निवेदनको ढांचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर

**विषय : दुग्ध सहकारी संस्था सुदृढिकरणको लागी अनुदान प्रस्ताव पेश गरिएको वारे ।**

उपरोक्त विषयमा राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय ............ दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला............ गा.बि.स............. टोल/गाउँ.............मा संचालित ..........................दुग्ध सहकारी संस्थाको सुदृढिकरणको लागी अनुदान प्रस्ताव तयार गरि आवश्यक कार्यवाहीको लागी पेश गरेको छु ।

प्रस्तावक संस्थाको तर्फबाट
संस्था । उद्योगको अध्यक्ष को नाम
दस्तखत
छाप

## अनुसूची-३
## परियोजना प्रस्तावको ढांचा

१. संस्थाको परिचय (नाम, ठेगाना, स्थापना मिति, दर्ता भएको निकाय, सम्पर्क नम्वर...)

२. उद्देश्य

३. परियोजनाको आवश्यकता

४. दैनिक दुध संकलन तथा व्यवस्थापन

क. दूध प्रशोधन गरी मात्र बिक्री वितरण गरीराखेको अथवा

ख. दूध प्रशोधन गरी दुग्ध पदार्थ बनाएर समेत बिक्री वितरण गरी राखेको (खरीद दूधको परिमाणको आधारमा दूध तथा दुग्ध पदार्थको मात्रा समेत उल्लेख गर्ने)

५. सहकारीका अन्य कृयाकलाप (दाना, खोप, ऋृण लगानी आदि) भए उल्लेख गर्ने

६. संस्था सुदृढिकरणका लागि अनुदान मागको आधारमा खर्च गर्नु पर्ने शिर्षक तथा संस्थाले व्यहोर्ने खर्च रकमको विस्तृत बजेट कार्यक्रम

७. परियोजनाको सम्भाव्यता विस्तृत विवरण

- प्राविधिक पक्ष (हाल अपनाइरहेको प्रविधि, प्राविधिक कर्मचारी तथा त्यसको स्तर आदि)
- आर्थिक पक्ष (लगानीको श्रोत खुल्नु पर्ने)
- बजार पक्ष (सम्बन्धीत पक्षले आफै दुध बिक्री गर्नु परेमा)
- सामाजिक पक्ष (लाभान्वित कृषक संख्या/समूह)
- वातावरणीय पक्ष

## अनुसूची-४

## जिल्ला पशु सेवा कार्यालयको सिफारिस पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति....................को राष्ट्रिय दैनिक...............मा प्रकाशित सूचना अनुसार जिल्ला....................गा.बि.स.........................बजार/गाउँ..................मा सन्चालित................. दुग्ध सहकारी संस्थाले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, उक्त संस्था आ.व........................ निरन्तर रुपमा सन्चालन भई दैनिक ................लिटर दुध संकलन/प्रशोधन गर्ने भएको र उक्त संस्थाबाट.......................कृषक परिवार लाभान्वित भई रहेको हुंदा नियमानुसार संस्था सुढृढिकरणका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु।

कार्यालय प्रमुख
नाम
पद
दस्तखत
कार्यालयको छाप